कमलामाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिन्धुलीमाडी, सिन्धुली बागमती प्रदेश, नेपाल

बैठक संख्या : १९२

मिति : २०८३।०४।३१, आइतबार

समय : बिहानको ७:३० बजे

कमलामाई नगरपालिका प्रमुख श्री उपेन्द्र कुमार पोखरेलको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बस्यो ।

## उपस्थिति

| | |
|---|---|
| श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | नगर उप-प्रमुख |
| श्री नरेश गोले | वडा अध्यक्ष १ |
| श्री ईन्द्र वाईबा | वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडा अध्यक्ष ४ |
| श्री पुर्ण बहादुरं खड्का | वडा अध्यक्ष ५ |
| श्री उज्वल कुमार थापा | वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ | वडा अध्यक्ष ७ |
| श्री कोमल कुमार श्रेष्ठ | वडा अध्यक्ष ८ |
| श्री विनोद प्रधान | वडा अध्यक्ष ९ |
| श्री दिप बहादुर कार्की | वडा अध्यक्ष १० |
| श्री रामबहादुर थिङ | वडा अध्यक्ष ११ |
| श्री भिमबहादुर गुर्मछान | वडा अध्यक्ष १२ |
| श्री केशर बहादुर कार्की | वडा अध्यक्ष १३ |
| श्री राजन न्यौपाने | वडा अध्यक्ष १४ |
| श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री जमुना कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री देवि देवकोटा | कार्यपालिका सदस्य |
| श्री धन कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री भद्रीमाया हायू | कार्यपालिका सदस्य |
| श्री मान बहादुर दमाई | कार्यपालिका सदस्य |
| श्री राजन बहादुर भुजेल | कार्यपालिका सदस्य |
| श्री किरण निधि तिवारी | सचिव (प्र.प्र.अ.) |

कमलामाई नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

सिन्धुली, बागमती प्रदेश

कमलामाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिन्धुलीमाढी, सिन्धुली बागमती प्रदेश, नेपाल

| |
|---|
| मिति २०८३ श्रावण ३१ गते बसेको १९२ औं नगर कार्यपालिका बैठक तथा वार्षिक समिक्षा बैठकको प्रस्ताव तथा निर्णयहरु |

**प्रस्ताव नं. १: करार, ज्यालादारी र अस्थायी कर्मचारीहरुको म्याद थप सम्बन्धमा।**

निर्णयः कमलामाई नगरपालिकाको सभाबाट स्वीकृत संगठन तथा व्यवस्थापन (O & M) भित्र रहेका करार तथा ज्यालादारी कर्मचारी र संगठन तथा व्यवस्थापन (O & M) बाहिर रही पालिकाले आवश्यकता अनुसार करार, अस्थायी तथा ज्यालादारीमा नियुक्त गरी कामकाज गरी रहेका कर्मचारीहरुको आ.व. २०८३/८४ मा सेवालाई निरन्तरता दिन सभामा म्याद थपका लागि पेश गर्ने निर्णय गरियो। यससँग सम्बन्धित विवरण अनुसूचीमा व्यवस्था गरिएको छ।

**प्रस्ताव नं. २: कर्मचारी व्यवस्थापन सम्बन्धमा।**

निर्णयः कार्यपालिकाको १८१ औं बैठकको निर्णय नं. १७ "कमलामाई नगरपालिकामा कार्यरत कर्मचारी श्री लक्ष्मण चौलागाई (नगर प्रहरी) र श्री नवराज देवकोटा (सवारी चालक) ले सेवा करारमा निरन्तरताका लागि निवेदन दिनु भएकोमा नगर प्रमुख ज्यूको आदेश अनुसार सो निवेदन आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो" भनी निर्णय भएकोमा विगत लामो समयदेखि करार सेवामा कार्यरत रहँदै आएका प्रस्तुत कर्मचारीलाई कार्यालयले बिना जानकारी करारबाट हटाइ कार्वाहीको निर्णय गरी मासिक ज्यालादारीमा कामकाज लगाएको र सो अवस्थामा कर्मचारीले नियमित रुपमा विद्युतिय हाजरी गरी नियमित कामकाज गरी रहेको, तोकिएको जिम्मेवारी इमान्दारीपूर्वक बहन गरी रहेको अवस्थामा निजहरुको कामकाज सन्तोषजनक रहेको देखिन आएकोले आ.व. २०८३/८४ बाट श्रावण महिनादेखि लागू हुने गरी पुनः साविककै पदमा सेवा करार गरी कामकाजमा निरन्तरता दिन नगर सभामा पेश गर्ने निर्णय गरियो। साथै, कार्यालयमा विगत तथा गत वर्षदेखि नियमित रुपमा दैनिक ज्यालादारीमा कार्यालयको आवश्यकतानुसार कामकाज गरी रहेका कर्मचारीहरुलाई मासिक ज्यालादारीको रुपमा कामकाज गराउने गरी निर्णयका लागि सभामा पेश गर्ने निर्णय गरियो।

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुलीमाढी, सिन्धुली
बागमती प्रदेश, नेपाल

**प्रस्ताव नं. ३: "घ" वर्गको निर्माण व्यवसायीको इजाजत सम्बन्धमा ।**

निर्णयः यस कमलामाई नगरपालिका समक्ष "घ" वर्गको ईजाजत को लागि पेश भएको तपशिलमा उल्लेखित निर्माण सेवाले 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत सम्बन्धी कार्यविधि, २०७४ को अनुसुचि-५ मा उल्लेखित प्रकृया पुरा भएको हुँदा तपशिल अनुसारको निर्माण व्यवसायीलाई "घ" वर्गको ईजाजत-पत्र उपलब्ध गराउने निर्णय गरियो।

**तपशिल**

१. ए.ए. आर.बि. बिल्डर्स प्रा. लि. क. न. पा.-६, सिन्धुली, प्रो. बिमल विश्वकर्मा

२. नग्मा ग्रुप अफ बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि., क. न. पा.-७, सिन्धुली, प्रो. मान बहादुर मगर

३. बि.एस.जि. बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि., क न. पा.-६, सिन्धुली प्रो. बिजय प्रकाश गुर्मछान मगर

४. जे. के. बिल्डर्स एण्ड सप्लायर्स प्रा लि क. न. पा.-३, सिन्धुली, प्रो. नारायण बहादुर कार्की

किरण ... 
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख